**देवताल गाउँपालिका**

# स्थानीय राजपत्र

**देवताल गाउँपालिकाद्धारा प्रकाशित**

खण्डः..८.... संख्या......२.... मितिः ..२०८२/०२/०५......

**भाग -१**

**देवताल गाउँपालिका**

## देवताल गाउँपालिकाको कृषि विकास नीति २०८१

आज्ञाले

कृष्ण नन्दन राय

प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची

१. पृष्ठमूमि ........ 2
२. विद्यमान अवस्था ........ 3
३. अवसर र चुनौती ........ 4
४. नीतिको आवश्यकता ........ 5
५. दीर्घकालीन सोच ........ 6
६. लक्ष्य ........ 6
७. उद्देश्य ........ 6
८. प्रमुख नीतिहरु ........ 6
९. रणनीति तथा कार्यनीति ........ 7
रणनीति १ः कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा सहजीकरण गर्ने । ........ 7
रणनीति २ः सिंचाई सुविधा विस्तार गर्ने । ........ 8
रणनीति ३ः कृषि सहकारी र कृषि सामग्रीको आपूर्ती सुनिश्चित गर्ने । ........ 8
रणनीति ४ः कृषि प्रविधि अवलम्वन गर्ने । ........ 8
रणनीति ५ः कृषि उद्यमको विकास गर्ने । ........ 9
रणनीति ६ः कृषि क्षेत्रलाई विपन्न र सिमान्तकृत वर्गको जिविकोपार्जनको प्रमुख आधारको रुपमा विकास गर्ने । 10
रणनीति ७ः कृषिजन्य उत्पादनको बजारीकरण गर्ने । ........ 10
रणनीति ८ः संस्थागत व्यवस्थामा सुधार गर्ने । ........ 11
रणनीति ९ः अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने । ........ 12
१०. नीति मूलप्रवाहीकरण ........ 12
११. नीति कार्यान्वयन ........ 12
१२. वित्तीय व्यवस्था ........ 13
१३. साझेदार निकायको भूमिका ........ 13
१४.कानूनी व्यवस्था ........ 14
१५. अनुगमन तथा प्रतिवेदन ........ 14
१६. अपेक्षित नतिजा/उपलव्धी ........ 15
१७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन ........ 15
१८. नीति कार्यान्वयन कार्य योजना ........ 0

# १. पृष्ठमूमि

नेपालको संविधानको धारा ३६ अनुसार प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने तथा प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ । यस्तै प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने एवं आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था संविधानले गरेको छ । संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नु गाउँपालिकाको पनि जम्मेवारी हो । कृषि (कृषि तथा पशुपालन) विकासको प्रशस्त सम्भावना भए तापनी वित्तीय तथा मानवीय श्रोत तथा क्षमता कमजोर रहेको र प्रविधि हस्तान्तरणमा समेत उचित पहुँच नभएका कारण देवताल गाउँपालिकाको प्रयासका बावजुत कृषि विकास, खाद्य सुरक्षा, पोषण र गुणस्तरीय कृषिजन्य उत्पादनका क्षेत्रमा उल्लेख्य कार्य गर्न सकिएको छैन ।

लोकतान्त्रित सरकारद्वारा नागरिकको सर्वोत्तम हितलाई केन्द्रमा राखी सार्वजनिक जवाफदेहीता, उत्तरदायित्व, अधिकार र कर्तव्यबोधका साथ जारी गरिएका योजना कार्यान्वयनमा ल्याउन गरिएको प्रतिबद्धता सार्वजनिक नीति हो । देवताल गाउँपालिकाले यसलाई सार्वजनिक सेवा प्रवाहको मुख्य अवधारणाको रुपमा लिएको छ । नागरिकको सबैभन्दा नजिकको सरकार गाउँपालिका हो । यसर्थ नागरिकका समस्या, आवश्यकता र चाहनाहरुको उचित व्यवस्थापन गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी हो ।

नेपालको बारा जिल्लामा अवस्थित देवताल गाउँपालिका मधेश प्रदेश अन्तर्गतको मिश्रित विशेषता बोकेको गाउँपालिका हो । साविकको बडकीफुलवरिया (२-६), पिप्राढिगोठ, दक्षिण झिटकैया, पिपरपाती जब्दी र रौवाही गाविस मिलेर बनेको यो गाउँपालिका ७ वटा वडामा विभाजन भएको छ यस गाउँपालिका २३.३१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिका बारा जिल्लाको जिल्ला सदरमुकाम कलैया देखी पूर्व करिब १० कि.मी. को दुरीमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा सुवर्ण गाउँपालिका, पश्चिममा कलैया उपमाहानगरपालिका, दक्षिणमा भारत र उत्तरमा माहागढीमाई नगरपालिका संग सिमाना जोडिएको छ । यस गाउँपालिकामा बसोबास योग्य क्षेत्र सहितको उर्वर खेती योग्य जमिन रहेको छ । पसाह खोला, गण्डक नहर र आकाशे पानीले यहाँको सम्पूर्ण क्षेत्र मौसमी रुपमा सिचित हुन्छ । विशेष गरी धान, मकै, गहुँ, दलहन, उखु यहाँका मुख्य बालीहरु हुन् । मधेश प्रदेशको बारा जिल्ला अन्तर्गत समतल भु-भागको विशेषता बोकेको यो गाउँपालिकाका अधिकांस मानिसहरु कृषिमा आश्रित छन् । मिश्रीत बसोबास रहेको यस गाउँपालिकामा मुख्य बोलीचालीको भाषा भोजपुरी रहेको छ । धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरुको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरुमा कृष्णाष्टमी, तीज, जनैपुर्णिमा, दशै, तिहार, छट पुजा, माघे सक्रान्ती, फागु पूर्णिमा (होली) आदि रहेका छन् ।

देवताल गाउँपालिकाले भौगोलिक तथा सामाजिक समावेशीतालाई आधार मानी आफ्ना सेवाहरुको विकास तथा विस्तार गर्दै आएको छ। यस गाउँपालिकाले कृषि लगायतका विषयगत क्षेत्रमा रहेका समस्या समाधान गरी लक्षित नतिजा हासिल गर्न योजनाबद्ध विकासको अभ्यास गरिरहेको छ। सहभागितामूलक विधि अबलम्वन गरी संचालन गरिने यो प्रक्रियालाई निरन्तरता दिने गाउँपालिकाको प्रतिवद्धता रहेको छ। विपन्न र सीमान्तकृत वर्ग लगायतका कृषक र आम नागरिकले भोग्नु परेको समस्या समाधानका लागि व्यवहारिक एवं प्रविधिमैत्री कृषि क्षेत्रको विकास गर्न बनाईएको यो स्थानीय कृषि विकास नीति हो। कृषिको व्यवसायिकरण, उत्पादन वृद्धि, बजारीकरण र विपन्न एवं सिमान्तकृत वर्ग लगायत सम्पूर्ण किसानहरुको आम्दानीमा वृद्धि गर्न सकारात्मक सोँच र प्रतिवद्ध अठोटको आधारमा कार्ययोजना सहित अगाडि जाने स्थानीय कृषि विकास कार्यक्रम स्थानीय कृषि विकास नीति हो। तर, यस प्रकारको नीतिको अभावमा देवताल गाउँपालिकाले कृषिको विकासमा अपेक्षित नतिजा हासिल गर्न सकिरहेको छैन। यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ण) ले दिएको अधिकार प्रयोग गरी देवताल गाउँपालिकाले यो "कृषि विकास नीति" २०८१ जारी गरेको छ। नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनु सम्वन्धित सबै पक्षको जिम्मेवारी हुनेछ।

## २. विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कूल ३९८० घरधुरी रहेको यस गाउँपालिकाको कूल जनसंख्या २५३६१ छ। यस मध्ये महिला १२२७० र पुरुष १३०९१ रहेका छन्। कूल जनसंख्या मध्ये ११३४१ (करिव ४५ प्रतिशत) मानिसहरु आर्थिक रुपले सक्रिय (२० देखि ५९ वर्ष उमेर समूह) रहेका छन्। यसमध्ये ६० प्रतिशत (करिव ६८०५ जना) जनसंख्या कृषि पेशामा संलग्न हुन सक्ने सम्भावना रहन्छ। तराईको समथल भूमिमा रहेर पनि यस देवताल गाउँपालिकामा अधिकांस साना किसान रहेका छन् भने वहुसंख्यक जमिन सिमित वर्गको स्वामित्वमा रहेको छ। साना किसानसंग प्रति परिवार सरदर ४-६ कट्ठा जमिन छ। यहाँ उनीहरुले धान, गहुँ, मकै खेती गर्ने गरेका छन्। पशुपालनमा गाई, भैसी, बाख्रा र कुखुरा प्रमुख रहेका छन्। भैसीमा मुर्रा र लोकल पंजावी, गाई स्थानीय, बाख्रामा तराई बाख्रा र लोकल प्रमुख जातहरु हुन्। यहाँका सुकुम्वासी, विपन्न र सिमान्तकृत वर्गका कृषकहरुले जग्गाधनीसँग अधियाँ/बटैया, कुत तोकि खेती गर्ने गरेका छन्।

कृषि विकासको लागि सिँचाई सुविधा विस्तार गर्ने, समयमा विउविजन र मलखाद उपलब्ध गराउने, किसानलाई कृषि व्यवसाय प्रति आकर्षित गर्न कृषि प्रसार र प्राविधिक सहयोग विस्तार गर्ने, दुघ र मासुको लागि पशुपालन गर्ने, कृषि उद्यमको विकास र यसको प्रवर्द्धन गर्ने जस्ता विषय गाउँपालिकाको प्राथमिकतामा रहेका छन्। गरिव, विपन्न र सिमान्तकृत वर्गका किसानहरुलाई केही गैर सरकारी संस्थाहरुवाट कृषि सम्बन्धी सिप विकास तालिम दिई उनिहरुलाई उन्नत विउ र अन्य कृषि सामग्रीहरु

दिने गरिएको छ । दलित र महिलाका लागि सिपमूलक व्यवसायिक तालिम दिन शुरु गरिएको छ । तर उपयुक्त नीति तथा योजना र पर्याप्त प्राविधिक जनशक्ति नहुदा गाउँपालिकाको सोँच र प्राथमिकतालाई व्यवहारमा उतार्न कठिन भएको छ ।

स्थानीय सहकारी संस्था मार्फत मल र विउ आपूर्ति हुने व्यवस्था मिलाउने प्रयास गरिएको भए तापनि अधिकांश किसानले बजारबाट खरिद गर्ने गरेका छन् । कृषि पकेट क्षेत्रको विकास हुन सकेको छैन, माटो परीक्षण गरिएको छैन र प्रविधिक सल्लाह कमै लिने गरिएको छ । पशु बिमा कार्यक्रम प्रारम्भ गरिएको छ तर कृषि बिमाको अभ्यास छैन । केही गैर सरकारी संस्थावाट सुकुम्वासी, विपन्न र सिमान्तकृत वर्गका किसानहरुलाई कृषि अनुदान दिने गरिएको छ । महिला कृषक समूह र महिला बाख्रा पालन समूह मार्फत किसानहरुलाई अनुदान उपलब्ध गराइएको छ । कृषक समूहका प्राय सबै सदस्यहरुले आधारभूत तहको कृषि तालिम प्राप्त गरेका छन् । यसमा स्थानीय गैर सरकारी संस्था र विकास साझेदारहरुको सहयोग रहेको छ । गैर सरकारी संस्था मार्फत विपन्न र सिमान्तकृत वर्गका केही किसानहरुले जलवायु अनुकुलन खेती प्रवर्द्धका लागि सहयोग प्राप्त गरेका छन् । साथै साना किसानलाई जग्गा भाडामा खेती गर्ने व्यवस्था गरी बिउ, विजन औजार र कीटनाशक औषधि वितरण गरिएको छ । गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रम अनुसार सिप विकास तालिम, कृषक समूह क्षमता विकास तालिम र कृषि प्रसार सम्बन्धी कार्यहरु गर्दै आएको छ । तालिम प्राप्त किसानहरुले आफ्नो क्षमता अनुसारको कृषि कर्म गरेका छन् । अधिकांस कृषकहरु उन्नत हाइब्रिड जातको विउको प्रयोग गर्ने गर्दछन् । गाउँपालिकाले स्थानीय रैथाने जातको बिउ संरक्षणको कार्यक्रम संचालन गरेको छैन तर पनि स्थानीय बासमती धानको बिउ वितरण कार्यक्रम राखेको छ र किसानहरु आफैले पनि आफ्नो प्रयोगको लागि बासमती धानको संरक्षण गरेका छन् । स्वरोजगार सृजनामा कृषि क्षेत्रका अलाव गैर कृषि क्षेत्रलाई समेट्दै सम्भावित उद्यमीहरुलाई लुगा सिलाउने, जुत्ता वनाउने, मिठाई वनाउने र अगर बत्ती उत्पादन सम्बन्धी तालिम दिईएको छ । स्थानीय हाट बजार सक्रिय रहेको कारण बजारको समस्या नदेखिए पनि निर्वाहमुखी खेती प्रणालीका कारण अपेक्षाकृत रुपमा कृषकको आम्दानी वृद्धि हुन सकेको छैन ।

## ३. अवसर र चुनौती

### ३.१ अवसर

१. नेपालको संविधानले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धी अधिकार गाउँपालिकालाई प्रदान गर्नु ।
२. कानूनी व्यवस्था अनुसार कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन सम्बन्धी अधिकार गाँउपालिकालाई हुनु ।

३. नेपाल सरकारको १५ वर्षे कृषि नीतिले कृषि अनुदान र प्राविधिक सहयोगलाई प्राथमिकतामा राखेको ।
४. संगठन संरचना र संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने अधिकार गाउँपालिकालाई हुनु ।
५. गाउँपालिकाको कृषि क्षेत्रमा सरकारी, गैर सरकारी, सहकारी र निजी क्षेत्रका संघ, संस्था तथा निकायहरु  क्रियाशिल रहनु ।
६. कृषि विकासको लागि उपयुक्त हावापानी, समथल एवं उर्वर खेतीयोग्य जमिन र बजार नजिकमा रहनु ।

## ३.२ चुनौती

१. कृषि तथा जिविकोपार्जन नीति तथा योजना नहुनु ।
२. गाउँपालिकासंग श्रोत, साधन र क्षमता पर्याप्त नहुनु ।
३. कृषि प्राविधिकको कमी रहनु ।
४. परम्परागत सिप र प्रविधिको संरक्षण नहुनु तथा नविनतम् कृषि प्रविधि हस्तान्तरण हुन नसक्नु ।
५. डिजिटल कृषि प्रविधिमा कृषकको पहुँच नहुनु ।
६. कृषि प्रसार कार्यक्रम प्रभावकारी नहुनु ।
७. समयमै गुणस्तरीय बीउ, मल लगायतका कृषि सामग्री उपलव्ध नहुनु ।
८. कृषिलाई व्यवसायिकरण गर्न नसक्नु ।
९. कृषि उद्यमी विकास गर्न नसक्नु ।
१०. कृषिलाई मर्यादित र मुनाफामुलक व्यवसायको रुपमा लिन नसक्नु ।
११. कृषि उत्पादनको राम्रो बजारीकरण नहुनु र कृषकले उचित मूल्य नपाउनु ।
१२. विपन्न र सिमान्तकृत वर्ग संग आफ्नो स्वामित्वमा खेतीयोग्य जमिन नहुनु/कम हुनु र भाडाको जमिनमा खेती गर्ने उचित व्यवस्था नहुनु ।
१३. कृषि तथा पशु बिमा कार्यक्रमलाई व्यवहारिक वनाउन नसक्नु ।
१४. युवा जनशक्तिलाई कृषि पेशाप्रति आकर्षण गर्न नसक्नु ।
१५. पर्यावरण अनुकूलन कृषि प्रणाली अवलम्वन गर्न नसक्नु ।

## ४. नीतिको आवश्यकता

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूची दिईएको छ । यस सूचीमा कृषि प्रसार, कृषि उत्पादन, पशु स्वास्थ्य, कृषि बजारीकरण, सहकारी, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण जस्ता कार्यहरु रहेका छन् । यसैगरी संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची दिईको छ जसमा कृषि क्षेत्र समावेश छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार दिईएको छ र यस दफाको उपदफा (२) (

ण) मा कृषि, पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्यहरु उल्लेख गरिएको छ। यसै ऐनले यस सम्वन्धी नीति, कानून तथा योजना वनाउने अधिकार समेत स्थानीय तहलाई दिएको छ। यसैले संविधान र विद्यमान ऐन कानूनले दिएको अधिकार र जिम्मेवारी पुरा गर्न यो नीतिको आवश्यकता देखिएको छ। अर्कोतर्फ कृषि विकास देवताल गाउँपालिकाको प्राथमिकतामा रहेको छ र यहाँ कृषि विकासको प्रसस्त सम्भावना रहेको छ । तर उपयुक्त नीति तथा योजना नहुदा प्राप्त अवसरको सदुपयोग गर्न सकिएको छैन ।

कृषि पेशामा युवालाई आकर्षित गरी कृषकहरुको मनोवल वढाउने, कृषिलाई एक मर्यादित पेशाको रुपमा विकास गर्ने र किसानको आम्दानी वृद्धि गर्दै उनीहरुको जिविकोपार्जनलाई सहज वनाउन आवश्यक देखिएको छ। यस नीतिले विपन्न र सिमान्तकृत वर्गको जिविकोपार्जनमा सुधार गर्नाको साथै खाद्य सुरक्षा सुनिश्चित गर्नेछ । विपन्न तथा सीमान्तकृत वर्ग लगायत किसानहरुको अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको समग्र कृषि क्षेत्रको अवस्थामा सुधार ल्याउन एक व्यवहारिक, सान्दर्भिक र नतिजामूखी कृषि विकास नीतिको आवश्यकता महशुस गरी देवताल गाउँपालिकाले यो नीति कार्यान्वयनमा ल्याएको छ ।

## ५. दीर्घकालीन सोच

“मर्यादित र व्यवसायिक कृषि, आर्थिक उपार्जन र सम्वृद्धि”

## ६. लक्ष्य

देवताल गाउँपालिकाका विपन्न र सिमान्तकृत वर्गका युवा तथा महिला कृषकहरुको जिविकोपार्जनमा सुधार गर्ने ।

## ७. उद्देश्य

(१) कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।

(२) महिला, विपन्न एवं सिमान्तकृत वर्गका नागरिकहरुको कृषि क्षेत्रको उत्पादकत्वको माध्यम बाट आम्दानी वृद्धि गर्नु ।

(३) विपन्न एवं सिमान्तकृत वर्गलाई बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणमा लगानी गर्ने वातावरण सृजना गर्नु ।

## ८. प्रमुख नीतिहरु

(१) कृषि क्षेत्रलाई नागरिकको जिविकोपार्जनको प्रमुख आधारको रुपमा विकास गरिनेछ ।
(२) कृषिलाई पर्यावरण एवं प्रविधिमैत्री बनाई युवा तथा महिलामैत्री मर्यादित पेशाको रुपमा विकास गरिनेछ ।
(३) विपन्न एवं सिमान्तकृत वर्गको आर्थिक अवस्थामा सुधार गरी उनिहरुका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणमा लगानी गर्ने वातावरण मिलाईनेछ ।
(४) यस कृषि विकास नीतिलाई गाउँपालिकाको समग्र विकास नीति, आवधिक तथा बार्षिक योजना र बजेट संग आवद्ध गरिनेछ ।
(५) नीति कार्यान्वयनको लागि कृषि तथा जिविकोपार्जन क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदारको सहयोगमा संचालित कार्यक्रम र प्रदेश तथा संघीय सरकार संग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

## ९. रणनीति तथा कार्यनीति

### रणनीति १: कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा सहजीकरण गर्ने ।

<u>कार्यनीतिहरुः</u>

१. माटो तथा हावापानीको अवस्था, सिंचाई सुविधा, बजार व्यवस्था, कृषि प्रविधिको उपलब्धता र उत्पादनको सम्भाव्यताका आधारमा विभिन्न कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ ।
२. निःशुल्क माटो परीक्षणको व्यवस्था गरी विज्ञको सुझाव अनुसार कृषि बाली छनौट गर्न कृषकहरुलाई सहजीकरण गरिनेछ ।
३. अधिकतम् लाभ लिन सक्ने गरी मौसमी तथा बेमौसमी तरकारी खेतीको विस्तार गर्न स्थानीय कृषकहरुलाई सहयोग गरिनेछ ।
४. खाद्यान्न, तेलहन, दलहन र उखु लगायतका नगदेवालीको उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।
५. माछापालन व्यवसायको प्रवर्द्धन गरिनेछ ।
६. बजार मागको आधारमा गुणस्तरीय कृषि तथा पशुजन्य उत्पादनको वृद्धि गरी उत्पादित सामग्रीको विक्री गर्ने व्यवस्था मिलाईनेछ ।
७. कृषि उत्पादन र बजारीकरणको सवाललाई मूल्य श्रृंखलामा आवद्ध गर्न सहयोग पुग्नेगरी कृषक पाठशाला संचालन गरिनेछ ।
८. भुईघाँस,डालेघाँस तथा स्मल नेफिएर खेतिको विकास एवं विस्तार गरिनेछ ।
९. पशु रोग नियन्त्रणका लागी खोप तथा पशु स्वास्थ्य शिविरको संचालन गरिनेछ ।
१०. गोठ सुधार कार्यक्रम संचालन गरिनेछ ।
११. दुध तथा मासुको गुणस्तरीय उत्पादन वृद्धि गर्न कृषकहरुलाई प्राविधिक सहयोग गरिनेछ ।

१२. कृषि सडक निर्माण, विद्युत आपुर्ती र प्राविधिक सेवा प्राप्त गर्न सहजीकरण गरिनेछ ।

**रणनीति २: सिंचाई सुविधा विस्तार गर्ने ।**

**कार्यनीतिहरु:**

१. कृषिजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गरिनेछ ।
२. स्थानीय सिंचाई योजनाहरुको मर्मत सम्भार तथा पुनःस्थापनाको लागि कृषक समूहलाई जिम्मेवार बनाईनेछ ।
३. नदी, खोला तथा नहर नभएको क्षेत्रमा डीप बोरिङ्गको सम्भाव्यता हेरी सिंचाईको व्यवस्था मिलाइनेछ ।
४. सिंचाईको लागि प्रयोग हुने बिद्युत महशुलमा निश्चित प्रतिशत छुट दिने व्यवस्था मिलाईनेछ ।
५. पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।
६. सिंचाइ सुविधा प्रदान गर्ने अन्य निकाय संग समन्वय गरिनेछ ।
७. कृषि विद्युतीकरण कार्यलाई प्राथमिकता दिई संचालन गरिनेछ ।
८. प्राकृतिक रुपमा वर्षाको पानीले सिंचाई गर्न सकिने संचरनाको निर्माण गरिनेछ ।

**रणनीति ३: कृषि सहकारी र कृषि सामग्रीको आपूर्ती सुनिश्चित गर्ने ।**

**कार्यनीतिहरु:**

१. सहकारी संस्थाहरूको माग र क्षमताको आधारमा यस्ता संस्थालाई सानोतिनो बचत संकलन, सदस्यहरुमा ऋण परिचालन र वीउ, रासायनिक मल, लगाउतको कृषि सामग्रीको बिक्री, वितरणको जिम्मेवारी दिईनेछ ।
२. स्थानीय सम्भावना, माग तथा उपयुक्तताका आधारमा स्थानीय जातमा आधारित कृषि नर्सरीको स्थापना गरिनेछ ।
३. कृषि सामाग्री उपलब्ध गराउन पकेट क्षेत्र वा अन्य अनुदानको कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति ४: कृषि प्रविधि अवलम्वन गर्ने ।**

**कार्यनीतिहरु:**

१. कृषि ज्ञान केन्द्रको सहयोगमा प्रविधि हस्तान्तरण, समुदायमा आधारित बीउ उत्पादन, वितरण र हाईब्रिड बीउ व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ ।
२. जैविक खेती र पर्यावरणमैत्री प्रविधिको अवलम्बन र विस्तार र गरिनेछ ।
३. अधिक उत्पादन दिने र जलवायु अनुकुलन जातका विउको प्रयोग वढाईनेछ ।
४. मौसम परिवर्तन, रोग किराको प्रकोप, स्थानीयस्तरमा कृषि श्रमिकको उपलब्धता, कृषि उपजको मूल्यमा आउने उतारचढाव जस्ता उत्पादनका जोखिमहरूको सामना गर्न सक्ने कृषि प्रविधिको उपयोग गरिनेछ ।
५. जलवायु परिवर्तनका कारण कृषि उत्पादन र खाद्य सुरक्षामा पर्न सक्ने असरलाई कम गर्न स्थानीय क्षमतामा आधारित पूर्व सूचना प्रणाली संचालनमा ल्याईनेछ ।
६. प्लास्टिक घर, पोखरी निर्माण, पानी संकलन स्थल र साना सिंचाई सम्बन्धी प्रविधिको बिस्तार गरिनेछ ।
७. स्थानीय रैथाने वालीको संरक्षण, प्रवर्धन, विकास र विस्तार गरिनेछ ।
८. अर्गानीक खेति प्रणालीको विस्तार र उत्पादित कृषि उपजको बजारीकरणमा समन्वय र सहजीकरण गरिनेछ ।
९. पशुपालनका लागी कृषकहरुलाई आवश्यक ज्ञान, सिप र प्रविधि हस्तान्तरण गरिनेछ ।
१०. कृषि वालीहरु सुरक्षित र दिगो रुपमा राख्न चिस्यान केन्द्रहरु निर्माण गरिनेछ ।

**रणनीति ५: कृषि उद्यमको विकास गर्ने ।**

**कार्यनीतिहरु:**

१. सामुहिक खेती एवं व्यवसायिक कृषि विकास योजना निर्माणका लागि कृषक समूहलाई सीप विकास तालिम प्रदान गरिनेछ ।
२. कृषि उद्यमशिलताको विकासद्वारा यूवा वर्गलाई कृषि पेशा प्रति आकर्षित गरी कृषि व्यवसायलाई मर्यादित र सम्मानजनक पेशाको रुपमा विकास गरिनेछ ।
३. कृषि व्यबसायको प्रवर्द्धन गर्न विपन्न तथा सिमान्तकृत वर्ग, साना किसान, महिला र युवा कृषि उद्यमीहरुलाई उनिहरुको आवश्यकता अनुसार अलग, अलग निशुल्क तालिम दिईनेछ ।
४. गाउँपालिका भित्रै मध्यमस्तरीय कृषि जनशक्तिको विकास गरिनेछ ।
५. कृषककहरुलाई व्यवसायिक तरकारी, फलफुल तथा उखु खेती, माछापालन एवं प्रतिष्पर्धी लाभ हुने कृषि खेतीमा लाग्न प्रोत्साहन गरिनेछ ।
६. बैदेशिक रोजगारवाट फर्कि आउने युवाहरुलाई उनीहरुको सीप र अनुभव भएको कृषि व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।

## रणनीति ६: कृषि क्षेत्रलाई विपन्न र सिमान्तकृत वर्गको जिविकोपार्जनको प्रमुख आधारको रुपमा विकास गर्ने ।

**कार्यनीतिहरु:**

१. वास्तविक किसानको पहिचान तथा वर्गिकरण गरी कृषक परिचय पत्र वितरण गरिनेछ ।
२. अरुको जग्गामा खेती गर्न अपनाईएको र हालसम्म पनि चलनचल्तिमा रहेको अधियाँ/बटैया र कुत तोक्ने परिपाटीलाई व्यवस्थित गरिनेछ ।
३. कृषि सामग्री, उपकरण र जग्गा भाडाका लाागि अनुदान सहायता उपलब्ध गराईनेछ ।
४. कृषिमा आधारित उद्यम, व्यवसाय संचालन गर्ने कृषकको उद्यमशिलता विकासमा सहयोग गरिनेछ
५. ऋण लिने र ऋण तिर्ने क्षमता विकास गर्न विपन्न र सिमान्तकृत वर्गका किसान र लघु उद्यमीहरुलाई तालिम दिईनेछ ।
६. विपन्न तथा सिमान्तकृत वर्ग र युवा तथा महिलाको लागि कृषि तथा पशुपालन सम्बन्धी निशुल्क तालिम दिईनेछ ।
७. कृषिजन्य उत्पादनको आधारमा विपन्न र सिमान्तकृत कृषकहरुलाई नगद अनुदान दिने व्यवस्था मिलाईनेछ ।
८. कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी वनाई विपन्न र सिमान्तकृत वर्गको पहुँच वृद्धि गरिनेछ । सो विमामा गाउँपालिकाको र कृषकहरुको सयुक्त योगदानमा विमा कार्यकम संचालन गरिनेछ ।
९. खाद्यान्न बालीको उत्पादनमा वृद्धि गरी प्रति व्यक्ति न्यूनतम् खाद्यान्न उपलब्धताको सुनिश्चितता गरिनेछ ।
१०. महिला, विपन्न र सिमान्तकृत वर्गलाई कृषि उद्यममा स्वरोजगार वन्न सहयोग गरिनेछ ।
११. विपन्न र सिमान्तकृत वर्गका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणका लागि अभिभावक-गाउँपालिका साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

## रणनीति ७: कृषिजन्य उत्पादनको बजारीकरण गर्ने ।

**कार्यनीतिहरु:**

१. कृषि बजार विकासका लागि रणनीतिक स्थानहरू पहिचान गरी बजारको सम्भाव्यता अध्ययन गरिनेछ ।
२. कृषि उत्पादन संकलन, ढुवानी, भण्डारण तथा बजार व्यवस्थापनको लागि सहयोग गरिनेछ ।
३. कृषि उत्पादन संकलन केन्द्रहरुको विकास गरी यसलाई बजार केन्द्रसँग जोडि आवश्यक पुर्वाधार निर्माण गर्न निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ ।

४. विपन्न तथा सिमान्तकृत वर्ग र साना किसानहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणमा सहयोग पुऱ्याउन निजी क्षेत्र र कृषि ज्ञान केन्द्र संगको सहकार्यमा कृषि तथा पशुपंक्षी बजार विकास तथा व्यवस्थापन गरिनेछ ।
५. स्थानीय कृषकले उत्पादन गरेको दूध सम्बन्धित संकलन केन्द्र र डेरी उद्योगहरुसम्म पुऱ्याउने व्यवस्था मिलाईनेछ ।
६. गुणस्तरीय दूध आपूर्तिका लागि सुधारिएको व्यवस्थापन अभ्यासहरूमा सहकारी र दूध सङ्कलन केन्द्रहरूलाई प्राविधिक सेवा उपलव्ध गराईनेछ ।
७. स्थानीय पहिचानका विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरिनेछ ।
८. वाह्य वातावरणका कारण मूल्य श्रृंखलामा असर पर्न सक्ने विषयलाई ध्यानमा राखी कृषि प्रसार कार्यक्रम संचालन गरिनेछ ।
९. लगानीको प्रतिफल सुनिश्चित गर्न कृषक समूह, व्यापारी, कृषि उपज भण्डारण तथा प्रशोधनकर्ता, कृषि उद्यमी, कृषि सामग्रीको आपूर्तीकर्ता र मूल्य श्रृङ्खलाका अन्य सरोकारवालाहरू बीचको सञ्जाल विकास र विस्तार गरिनेछ ।

**रणनीति ८ः संस्थागत व्यवस्थामा सुधार गर्ने ।**

**<u>कार्यनीतिहरुः</u>**

१. उत्पादन एवं बजारीकरण सम्बन्धी कृषक समूह गठन गरी तिनको व्यवस्थापकीय क्षमता विकास गरिनेछ ।
२. कृषि/पशु सेवा शाखाको संस्थागत र मानव संसाधन क्षमता वृद्धि गरिनेछ ।
३. गाँउपालिकाको कृषि/पशु शाखामा विपन्न एवं सिमान्तकृत वर्गका कृषकहरुको सरल र सहज पहुँच सुनिश्चित गरिनेछ ।
४. स्थानीयस्तरमा उद्यमशिलता विकासको लागि बीउ पूँजी प्रदान गर्न ‘‘कृषि तथा पशुपालन र जिविकोपार्जन कार्यक्रम पूजीँ कोष’’ को स्थापना गरिनेछ ।
५. प्रत्येक वडामा कृषि/पशु सेवा प्राविधिकको व्यवस्था गरिनेछ ।
६. वडा तहमा महिला कृषि स्वयंसेविकाको व्यवस्था गरी कृषि योजना, अनुदान वितरण, जलवायु अनुकुलन कृषि प्रविधि जस्ता क्षेत्रमा प्रदेश सरकार, कृषि ज्ञान केन्द्र लगायतका निकायहरुवाट प्राप्त हुन सक्ने सेवा, सहयोग र यसको प्रकृयाका बारेमा कृषकहरुलाई सूचना तथा जानकारी उपलब्ध गराउने कृषि प्रसार प्रणालिको विकास गरिनेछ ।
७. कृषक समूहका सदस्य र सफल कृषकहरुलाई स्थानीय स्रोत व्यक्तिको रूपमा विकास गरी कृषि तथा पशुपालनमा संलग्न भएका र हुन चाहने कृषकहरुलाई व्यवहारिक ज्ञान तथा सिप प्रदान गरिनेछ ।

८. कृषि प्रसार, कृषक पाठशाला, नमूना खेती प्रवर्द्धन तथा समुदाय सचेतना सम्बन्धी कार्यहरुमा कृषि विद्यालयहरुको सहयोग लिईनेछ ।
९. उत्कृष्ट कृषक छनोट गरि आवश्यक प्रोत्साहनको कार्यक्रम लागु गरिनेछ ।

**रणनीति ९: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।**

**कार्यनीतिहरु:**

1. कृषि विकास नीतिको सफल कार्यान्वयनमा सघाउ पुर्याउन न्यूनतम् चौमासिक रुपमा अनुगमन र वार्षिक रुपमा मूल्यांकन गरिनेछ ।
2. अनुगमन तथा मूल्यांकन समिति/टोली/व्यक्ति वा अन्य कुनै संयन्त्र गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
3. अनुगमन तथा मूल्यांकनको लागि चेकलिष्ट-फारम तयार गरिनेछ ।
4. अनुगमन तथा मूल्यांकनकर्ताले सोही चेकलिष्ट वमोजिमको सूचनाका आधारमा सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
5. गाउँ कार्यपालिकाले अनुगमन तथा मूल्यांकन प्रतिवेदन अध्ययन गरी उपयुक्त ठानेको सुझावहरु कार्यान्वयन गर्ने, गराउनेछ ।
6. संघीय कार्यालय, प्रदेश स्तरीय कार्यालयले समय समयमा कृषि क्षेत्रमा गरेको अनुगमन प्रतिवेदनलाई पालिकाले कार्यान्वयन गर्नेछ ।
7. कृषि क्षेत्रमा आइपर्ने आकस्मिक रोग वा अन्य प्रकोप अध्ययन गर्न पालिकाले फास्ट ट्र्याक बाट समिति बनाई समस्या समाधान गरिनेछ ।

## १०. नीति मूलप्रवाहीकरण

यस कृषि विकास नीतिलाई गाउँपालिकाको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ । नीतिका कतिपय प्रावधानहरु अन्य विषय क्षेत्रहरुसंग समेत सम्बन्धित रहेको अवस्थामा यसलाई अलग्गै रुपमा हेर्न सकिदैन । तसर्थ गाउँपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट, अन्य नीति र संस्थागत संरचनाहरुमा समेत यस नीतिलाई एकीकृत र मूलप्रवाहीकरण गरिनेछ ।

## ११. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनमा सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ । नीति कार्यान्वयनमा यस समितिको प्रमुख भूमिका रहनेछ । समितिले कार्यपालिका र सम्वन्धित निकाय संग समन्वय, योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गर्नेछ । नीति कार्यान्वयनको

सिलसिलामा आईपरेका समस्या तथा चुनौतीहरुको सामना गर्न अपनाईने रणनीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी कार्य समेत यस समितिले गर्नेछ ।

**नीति कार्यान्वयन सहजीकरण समिति गठनः**

- आर्थिक विकास समितिका संयोजकः संयोजक
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- गाउँपालिकाका कृषि शाखा प्रमुखः सदस्य सचिव

*(नोटः समितिले आवश्यकता अनुसार विज्ञ र साझेदार संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ) ।*

## १२. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि गाउँपालिकाले आफ्नै श्रोत तथा साधनको परिचालन गर्नेछ । आवश्यक योजना एवं बजेटको व्यवस्था गरिनेछ । नीति तथा कानूनी व्यवस्था कार्यान्वयनको लागि आवश्यक मानव संसाधन विकास, वित्तीय व्यवस्था र संस्थागत क्षमता विकासका लागि गाउँपालिकाको श्रोत, साधन पर्याप्त नरहेको अवस्थामा संघ तथा प्रदेश सरकार एवं मातहतका निकाय/कार्यालय, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था लगायतका साझेदार संस्था/निकायहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

## १३. साझेदार निकायको भूमिका

संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समेत सघाउ पुग्नेगरी देवताल गाउँपालिकाको कृषि विकास नीति कार्यान्वयन गरिनेछ । यो नीति कार्यान्वयनमा सघाउ पुऱ्याउनु सम्बन्धित सबै सरोकारवाला र साझेदार निकायको कर्तव्य हुनेछ । मूलतः प्रमुख साझेदार निकायको भूमिका देहाय बमोजिम हुनेछ ।

- नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी देवताल गाउँपालिकाले लिनेछ । नीति कार्यान्वयनको लागि कानूनी व्यवस्था मिलाउने, योजना तर्जुमा गरी बजेटको व्यवस्था गरिनेछ ।
- नीति कार्यान्वयनको लागि गाउँपालिकाको कृषि/पशु सेवा शाखा, मातहतका कर्मचारी तथा कृषक समुह, समुदायमा रहेका संघ, संस्था, सहकारी, निजी क्षेत्र लगायतका संस्थागत संयन्त्रहरु परिचालन गरिनेछ ।
- नीति कार्यान्वयनका लागि प्रभावकारी अनुगमन, नियमन, समीक्षा र मूल्यांकन सम्बन्धी कार्यहरु गाउँपालिकाले गर्नेछ ।
- संघीय तथा प्रदेश सरकार, छिमेकी स्थानीय तह, कृषि ज्ञान केन्द्र, बारा जिल्लामा रहेका संघ तथा प्रदेश सरकार मातहतका कार्यालय वा निकाय, जिल्ला समन्वय समिति, विकास साझेदार, गैर सरकारी

संस्था र निजी क्षेत्रसंग समन्वय गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने जिम्मेवारी समेत गाउँपालिकाको हुनेछ ।

- **कृषि ज्ञान केन्द्रः** बारा जिल्लामा रहेको कृषि ज्ञान केन्द्रलाई यो नीति कार्यान्वयनमा प्राविधिक सेवा उपलब्ध गराउन अनुरोध गरिनेछ। गाउँपालिकामा कार्यरत कृषि क्षेत्रका जनशक्तिको सिप तथा क्षमता विकास, प्राविधिक अनुगमन तथा सहजीकरण, उपयुक्त प्रविधि हस्तान्तरण, कृषि सामग्री आपूर्ती र बजारीकरण सम्बन्धी कार्यहरुमा समेत कृषि ज्ञान केन्द्रको सहयोगी भूीमका रहनेछ। स्थानीयस्तरमा गरिने कार्यहरुको लागि आ-आफ्नो क्षेत्रमा गाउँपालिकाको कृषि/पशु सेवा शाखा जिम्मेवार रहनेछन् ।
- **नेपाल सरकार र मधेश प्रदेश सरकारः** गाउँपालिकाले प्राथमिकता तोकेको विषयलाई सघाउ पुग्ने गरी आ-आफ्नो अधिकार क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने। नीति कार्यान्वयनमा सघाउ पुऱ्याउन मातहतका निकायको सहयोग उपलब्ध गराउने ।
- **विकास साझेदार र राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाः** यो नीतिलाई सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्ने। नीति कार्यान्वयनमा गाउँपालिका र कृषक समूह, विपन्न तथा सिमान्तकृत वर्ग र आ-आफ्ना लक्षित वर्गले माग गरेको प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने र आ-आफ्ना योजना तथा कार्यक्रम संचालन गर्दा गाउँपालिका संग समन्वय गर्ने ।

## १४.कानूनी व्यवस्था

प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही देवताल गाउँपालिकाले गाउँ कृषि विकास ऐन र तत् विषयका कार्यविधि, निर्देशिका तर्जुमा लगायतका कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ। आवश्यक कार्यविधि कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार साझेदार संस्थाहरुको सहयोग साथै विपन्न एवं सिमान्तकृत वर्ग, कृषक समूह, कृषि उद्यमी, महिला लगायत अन्य सरोकारवाला निकायको सहभागिता सुनिश्चित गरिनेछ ।

## १५. अनुगमन तथा प्रतिवेदन

नीति कार्यान्वयनको प्राथमिक अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको कृषि शाखाको हुनेछ। गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले योजना तथा कार्यक्रमका बाहेक यस नीति कार्यान्वयन र उपलब्धिका बारेमा अध्ययन, अनुगमन र सुपरीवेक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ। आवश्यकता अनुसार जिल्ला समन्वय समिति, गाउँपालिकाको आर्थिक विकास समिति र गाउँपालिका अध्यक्ष लगायतका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र तोकिएका कर्मचारी तथा विज्ञले समेत नीति कार्यान्वयनको अनुगमन गरी कार्यपालिकालाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## १६. अपेक्षित नतिजा/उपलब्धी

- गाउँपालिकामा कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा वृद्धि हुनेछ ।
- विपन्न एवं सीमान्तकृत वर्गका परिवार र स्थानीय कृषकको वार्षिक आम्दानी वढेको हुनेछ ।
- विपन्न एवं सीमान्तकृत वर्गका परिवारको जिविकोपार्जनमा सुधार आउनेछ ।

## १७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन

यो नीति कार्यान्वयनको वार्षिक रुपमा समीक्षा गरिनेछ । समीक्षावाट देखिएको अवस्था बारेमा कृषि/पशु सेवा शाखाले सुधार र अबलम्वनका कार्यहरु गर्नेछन् । नीति कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको वार्षिक योजनामा समावेश हुनेछ । नीति कार्यान्वयनको पाचौं वर्षमा स्वतन्त्र पक्षवाट मूल्यांकन गरिनेछ । मूल्यांकनकर्तावाट प्राप्त सुझावहरुको आधारमा नीतिमा सुधार गर्ने, निरन्तरता दिने वा नयाँ नीति तर्जुमा गर्ने सम्बन्धी निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

## १८. नीति कार्यान्वयन कार्य योजना

| क.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको कृषि विकास नीति अनुमोदन गर्ने | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन मसान्त | |
| २ | गाउँपालिकाको कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति गठन | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन | |
| ३ | कृषि पकेट क्षेत्र निर्धारण | आर्थिक विकास समिति | वडा कार्यालय | कार्यपालिका बैठक | २०८१ चैत्र मसान्त | |
| ४ | माटो परिक्षण अभियान | कृषि शाखा | वडा कार्यालय | वस्तीस्तर | २०८१ चैत्र | |
| ५ | कृषक समूह गठन/ पुनर्गठन (उत्पादन तथा बजारीकरण समूह) | कृषि शाखा | कृषक | वस्तीस्तर | | |
| ६ | महिला, विपन्न तथा सीमान्तकृत कृषक पहिचान र कृषक परिचय पत्र वितरण | आर्थिक विकास समिति | कृषि शाखा | कार्यपालिका बैठक | २०८२ बैशाख देखि | |
| ७ | लक्षित समूह सहायता कार्यक्रम संचालन | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | सबै वडा | २०८२ बैशाख | |
| ८ | कृषक पाठशाला संचालन कार्यविधि तयारी/ अध्यावधी | आर्थिक विकास समिति | कृषि शाखा | कार्यपालिका | २०८२ बैशाख देखि नियमित | |

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | कृषक पाठशाला संचालन | कृषि शाखा | कृषक समूह | वडा तथा वस्ती | २०८२ बैशाख | |
| १० | कृषि सहकारी व्यवस्थापन | आर्थिक विकास समिति | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ बैशाख देखि निरन्तर | |
| ११ | कृषि उद्यमशिलता विकास | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ बैशाख देखि निरन्तर | |
| १२ | कृषि तथा पशुपालन र जिविकोपार्जन कार्यक्रम पूजीँ कोषको स्थापना | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | गाउँ सभा | २०८२ असार | |
| १३ | सामुहिक खेती एवं व्यवसायिक कृषि/पशुपालन योजना निर्माण | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ साउन | |
| १४ | अनुगमन चेकलिष्ट (फारम) तयारी | कृषि शाखा | अनुगमन समिति | कार्यपालिका | २०८२ बैशाख | |
| १५ | कृषि सामग्री, उपकरण र जग्गा भाडाका लाागि अनुदान सहायता निर्देशिका तयारी | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ कार्तिक सम्म | |
| १६ | नीति कार्यान्वयन बजेट तर्जुमा | कृषि विकास नीति कार्यान्वयन | कृषि शाखा | कार्यपालिका | गाउँपालिकाको वार्षिक योजना तर्जुमाको समय | |

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सहजीकरण समिति | | | | |
| १७ | गाउँपालिका कृषि विकास योजना तर्जुमा | कार्यपालिका | कृषि शाखा | कार्यपालिका | २०८२ भदौ | |
| १८ | साझेदार एवं सहयोगी निकायको बैठक | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | चौमासिक | |
| १९ | नियमित अनुगमन | अनुगमन समिति | कृषि शाखा | वडा | चौमासिक | |

आज्ञाले
कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत